# अपि पावर कम्पनी लिमिटेड
थापाथली, काठमाडौं

## प्रतिनिधि नियुक्त गर्ने फारम (प्रोक्सी)

श्री संञ्चालक समिति,
अपि पावर कम्पनी लिमिटेड
थापाथली, काठमाडौ ।

**विषय : प्रतिनिधि नियुक्त गरिएको बारे ।**

महाशय,

..................जिल्ला ................... न.पा./गा.वि.स. वडा नं. ....... बस्ने म/हामी ....................................ले त्यस कम्पनीको सेयरधनीको हैसियतले मिति २०७३ साल चैत २८ गते सोमबारका दिन हुने दोस्रो विशेष साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ................ जिल्ला ...................... न.पा./गा.वि.स. बस्ने त्यस संस्थाका सेयरधनी श्री ................................... सेयर प्रमाण पत्र नं. ........... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौं ।

| प्रतिनिधि हुनेको | | प्रतिनिधि नियुक्त | |
|---|---|---|---|
| नाम | : | नाम | : |
| दस्तखत | : | दस्तखत | : |
| प्रमाण पत्र नं. | : | प्रमाण पत्र नं. | : |
| सेयर संख्या | : | सेयर संख्या | : |
| मिति | : | मिति | : |

दृष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

# अपि पावर कम्पनी लिमिटेड
थापाथली, काठमाडौं

## प्रवेश-पत्र

सेयरधनीको नाम :
प्रमाण पत्र नं. :
कुल सेयर संख्या :
सेयरधनीको सही :

**कम्पनी सचिव**
२०७३/१२/०७

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध छ ।)


# अपि पावर कम्पनी लिमिटेडसँग सम्बन्धित आयोजनाहरू

**कम्पनीबाट प्रवर्द्धित आयोजनाहरू**

1. Naugarh Gad SHEP (8.5 MW)
2. Upper Naugarh Gad SHEP (8 MW)
3. Upper Chameliya HEP (40 MW)
4. Chanawta Solar Project (1.5 MW)
5. Kawasoti Solar Project (0.5 MW)
6. Kawasot 1 Solar Project (1 MW)
7. Parwanipur Solar Project (8 MW)
8. Simara Solar Project (1 MW)
9. Chandranigahpur Solar Project (4 MW)
10. Dhalkebar Solar Project (1 MW)
11. Bardaghat Solar Project (1 MW)

**कम्पनीबाट लगानी भएका आयोजनाहरू**

12. Trishuli Galchi HEP (75 MW)
13. Kabeli B1 HEP (25 MW)
14. Api Hydro Mechanical Ltd.




# विषयसूची


| | |
|---|---|
| कम्पनीको परिचय | १ |
| दोस्रो विशेष साधारण सभा सम्बन्धी सूचना | २ |
| साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु | ३ |
| अध्यक्षको मन्तव्य | ४ |
| दोस्रो विशेष साधारणसभामा प्रस्तुत प्रतिवेदन | ६ |
| कम्पनीको प्रक्षेपित वासलात | १६ |
| नगद प्रवाह विवरण | १८ |

# अपर नौगाड गाढ साना जलविद्युत आयोजना

## कार्य प्रगतिका केही झलक



Desander under construction at Upper Naugarh



Pipe Alignment at Upper Naugarh



Hydromechanical workshop at Upper Naugarh

# कम्पनीको परिचय

नेपालमा जल उर्जा एवं अन्य वैकल्पिक उर्जा उत्पादनको प्रचुर संभावना रहेका छन्। प्रकृति प्रदत्त स्रोतको सदुपयोग गरी देशमा औद्योगिक विकासका लागि पूर्वाधारको रुपमा चाहिने उर्जा उत्पादन, ट्रान्समिसन तथा वितरण गर्ने उद्देश्यले वि.स. २०६० सालमा यस अपि पावर कम्पनीको स्थापना भएको हो । जलविद्युत आयोजनामा सर्वसाधारणको लगानीको व्यवस्था गर्न यस कम्पनीले सर्वसाधारणका लागि सेयर निष्काशन गरी उक्त सेयरहरू नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत गराएको छ।

यस कम्पनीले पहिलो परियोजनाको रूपमा दार्चुला जिल्लामा ८.५ मे.वा. क्षमताको नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माण पूरा गरी सञ्चालन गरिरहेको छ । ८ मे.वा. क्षमताको अपर नौगड गाढ साना जलविद्युत आयोजना हाल निर्माणाधीन रहेको छ। ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने कार्य पूरा भई विस्तृत अध्ययन प्रतिवेदनको कार्य भइरहेको छ । नेपाल सरकारले विद्युत संकट निरुपण कार्ययोजना अन्तर्गत देशका विभिन्न भागमा सौर्य शक्तिबाट विजुली उत्पादन गर्ने नीति अनुसार नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्धाबाट देशका तराईका जिल्लाहरूमा विद्युत उत्पादनको लागि निजी क्षेत्रमा आह्वान गरेको टेण्डरमा कम्पनीले विभिन्न जिल्लाहरूमा सौर्य उर्जा उत्पादन गर्न जम्मा १८ मे.वा. क्षमताका ८ वटा सोलार आयोजना निर्माणको टेण्डर प्राप्त गरी ने.वि.प्रा.सँग विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गर्ने कार्य गरिरहेको छ । देशमा पहिलो पटक राष्ट्रिय ग्रीडमा आवद्ध सोलार विद्युत आयोजना निर्माण तथा सञ्चालनका लागि कम्पनीले कार्य गरिरहेको छ । अन्य आयोजनाहरूमा ७५ मेगावाट क्षमताको त्रिशुली गल्छी जलविद्युत आयोजनाको निर्माणका लागि लगानी गर्ने योजना यस कम्पनीको रहेको छ ।

कम्पनीमा २०७३ साल फागुन १ गतेसम्ममा संस्थापक सेयरधनीहरू १,०६४, स्थानीय लगानीकर्ताहरू १,९०४ र सर्वसाधारण सेयरधनीहरू ४६,५५२ रहेको यो नेपालको एक ठूलो लगानीकर्ताहरूको प्रिय कम्पनी बनेको छ । कम्पनीमा दक्ष कामदारहरू एवम् प्राविधिकहरू रहेका छन्। कम्पनीले जलविद्युत आयोजनाका साथै सोलार प्रविधिबाट पनि उर्जा उत्पादन गर्न अध्ययन गरिरहेको छ।

सुदूर पश्चिमाञ्चल विकासका कैयौं सम्भावना बोकेको क्षेत्र हो। कम्पनीले यस क्षेत्रमा जडिबुटी प्रशोधन, सिमेन्ट कारखाना निर्माण लगायतका अन्य विकासका आयोजनाहरूको लागि पहल गरिरहेको छ। कम्पनीले नयाँ आयोजनाहरूको निर्माण व्यवसाय विविधिकरण गर्दै आफ्ना सेयरधनीहरूलाई बढीभन्दा बढी मुनाफा दिने योजनाका साथ कार्य गरिरहेको छ।



नौगड गाढ साना जलविद्युत आयोजनाको मेसिन

**Api Power Company Limited**
**अपि पावर कम्पनी लिमिटेडको**

## दोस्रो विशेष साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिति २०७३/११/१७ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरूमा छलफल गर्न कम्पनीको दोस्रो बिशेष साधारण सभा निम्न मिति स्थान, र समयमा बोलाउने निर्णय भएको हुँदा कम्पनीका सम्पुर्ण शेयरधनीहरूको उपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### विशेष साधारण सभा हुने मिति, स्थान र समय

**मिति :** २०७३ साल चैत्र २८ गते सोमवार (10th April 2017)

**स्थान :** दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली

**समय :** अपरान्ह १:०० बजेदेखि

### विशेष साधारण सभामा छलफलका बिषयहरू

१. अपि पावर कम्पनी लिमिटेडको हालको शेयर संख्या १०५००००० कित्ता रहेको छ यसमा विद्यमान १ शेयर बराबर २ शेयरका दरले हकप्रद शेयर निष्काशन गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशन बाट प्राप्त हुने जम्मा रकम रू. २१० करोड मध्ये रू. १०० करोड सिद्धकाली पावर लिमिटेडमा र रू. ११० करोड कम्पनीले निमार्ण गर्ने विभिन्न सोलार आयोजनाहरूमा लगानी गर्ने सम्बन्धमा ।

२. अपि पावर कम्पनीको हालको चुक्ता पूँजी रु १०५ करोड र जारी पूँजी रू.३०० करोड रहेकोमा पूँजी वृद्धि गरी जारी पूँजी रू. ४०० करोड कायम गर्ने सम्बन्धमा ।

३. कम्पनीको पूँजी संरचनामा परिवर्तन भएको हुँदा सो अनुकुल हुनेगरी प्रबन्धपत्रमा संशोधन गर्ने तथा सो सम्बन्धी कार्य गर्ने अख्तियारी संचालक समितिलाई दिने सम्बन्धमा ।

४. विविध ।

सञ्चालक समितिको आज्ञाले
सिर्जना दंगाल
कम्पनी सचिव

# विशेष साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू

१) कम्पनीको दोस्रो विशेष साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा आफ्नो शेयर प्रमाणपत्र, आफ्नो डिम्याट खाता नम्बर वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको कार्य प्रगति प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिनेछ ।

२) शेयरधनीहरूको दस्तखतको लागी शेयरधनी उपस्थिति पुस्तिका दिउसो १२:०० बजेबाट खुल्ला गरिनेछ ।

३) साधारण सभा प्रयोजनका लागि २०७३ चैत्र १५ गते देखि २०७३ चैत्र २८ गते सम्म शेयरको दर्ता किताब बन्द रहनेछ। मिति २०७३।१२।१५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई २०७३।१२।२४ गते भित्र यस कम्पनीमा शेयर नामसारीका लागि प्राप्त विवरणका आधारमा कायम शेयरधनीहरूले मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।

४) एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

५) कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरूमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

६) दोस्रो विशेष साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।



# अध्यक्षको मन्तव्य

## आदरणीय शेयरधनी माहानुभावहरू,

अपि पावर कम्पनी लिमिटेडको दोस्रो विशेष साधारण सभामा यहाँहरूलाई हार्दिक स्वागत व्यक्त गर्दछु ।

कम्पनीको पहिलो विशेष साधारणसभा मिती २०७२/१२/२७ मा सम्पन्न भई आफ्ना सम्पुर्ण शेयरधनी महानुभावहरू बाट १:२ को अनुपातमा हकप्रद शेयर निश्काशनको अनुमती लिई यसरी निष्काशन भएको पूँजी बाट सिद्धकाली पावर कम्पनी लिमिटेडले निर्माण गर्न लागेको ७५ मे.वा क्षमताको त्रिसुली गल्छी जलविद्युत आयोजनाको संस्थापक शेयरमा लगानी गर्ने निर्णय भएको थियो । उक्त प्रस्तावमा कम्पनीको संचालक समितिको बैठकमा छलफल गरी कम्पनीले रू. २०० करोड लगानी गरी परियोजना निर्माणमा संलग्न हुने निर्णय गरी सो को स्वीकृतिको लागि धितोपत्र बार्डमा मिति २०७३/१/१ मा आवेदन गरेकोमा अहिलेसम्म पनि स्वीकृति प्राप्त भएको छैन ।

जलविद्युत लगाएतका पब्लिक लिमिटेड कम्पनीहरूलाई हकप्रद शेयर निष्काशन गर्ने दिने सम्बन्धमा नेपाल धितोपत्र वोर्डले मिति २०७३/८/२१ मा नयाँ निति लागू गरेको छ । सो नीतिमा भएको व्यबस्थानुसार प्राथमिक शेयर निष्काशन गरेको दुई वर्ष पुरा भएका कम्पनीलाई मात्र हकप्रद शेयर निष्काशन गर्न दिने नीति बनेको हुँदा हाम्रो कम्पनीले सर्वसाधारण जनताको लगानीका लागि शेयर निष्काशनको स्वीकृती पाएको मिति २०७२/३/११ भएको हुँदा सो मितिदेखि दुई वर्ष पुरा हुनका लागि २०७४/३/११ सम्म प्रतिक्षा गर्नु पर्ने देखिएको छ ।

कम्पनीको पहिलो विशेष साधारण सभा हुँदाको समयमा कम्पनीको चुक्ता पूँजी रू. १०० करोड रहेको तर कम्पनीले अर्थिक बर्ष २०७२/७३ को मुनाफाबाट ५ प्रतिशत बोनश शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रू. १०५ करोड भएकाले सो पूँजीको १:२ शेयर जारी गरी रु २१० करोड रकम शेयरधनीहरूबाट संकलन गरेपछी कम्पनीको चुक्ता पूँजी रू. ३१५ करोड पुग्ने छ । कम्पनीद्वारा प्रस्तुत यो पूँजी वृद्धिको प्रस्ताव पारित गरिदिनुहुन शेयरधनी माहानुभाव समक्ष अनुरोध गर्दछु ।

पव्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भई विद्युत विकासको काममा संलग्न भएको यस कम्पनीमा धेरै शेयरधनीहरूको लगानी रहेको छ । लगानीमा उचित प्रतिफल प्राप्त होस भन्ने बारेमा कम्पनी सदैव समर्पित भएर काम गरिरहेको छ । कम्पनीले विभिन्न परियोजनामा लगानी गरेपश्चात् कम्पनीको पूँजी संरचना, आय तथा नाफा प्रक्षेपण बनाई अनुसुचीमा संलग्न गरिएको छ ।

यहाँहरूको सदभाव तथा कर्मचारी साथीहरूको कठिन परिश्रमले १७ महिनामा ८.५ मे.वा. क्षमताको नौगड गाढ साना जलविद्युत आयोजना तैयार गरी संचालन गर्न सकिएकोले हामीमा उत्साह थपिएको छ । आगामी परियोजनाहरू पनि यसै प्रकारले निर्माण गरि शेयरधनीहरूलाई बढि भन्दा बढि मूनाफा दिन सकिने कुरामा म विश्वस्त छु । हाल निर्माण भै रहेको ८ मेगावाट क्षमताको माथिल्लो नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माण कार्य २०७४ चैत्रसम्म निर्माण पुरा गरी देशलाई विद्युत र लगानीकर्ताहरूलाई थप आय उपलव्ध गराउने छौं ।

कम्पनीसँग रहेको रू. १०० करोडको चुक्ता पूँजी तथा आर्थिक वर्ष २०७२/७३ को मुनाफाबाट प्राप्त रू. ५ करोड समेतगर्दा रू. १०५ करोड चुक्ता पूँजी रहेकोमा नौगडगाढ आयोजना निर्माणको लागि रू. ६८ करोड लगानी भएको छ । यसैगरी अपि हाईड्रोमेकानिकल कम्पनी लिमिटेडको शेयरमा रू. ७ करोड, अरुण काबेली पावर लिमिटेड कम्पनीको शेयरमा रू. ५.० करोड, सिद्धकाली पावर लिमिटेडको शेयरमा रू. २.२ करोड, सोलार आयोजना विकासको लागि रू. २.० करोड तथा अन्य लगानीमा रू. ४.४ करोड उपयोग भई कम्पनीसंग बचेको रू. १६.८ करोड अपर नौगडगाढ साना जलविद्युत आयोजनामा लगानी भएको छ । अपर नौगड गाड आयोजना निर्माणको लागि चाहिने नपुग पूँजी अन्तर कम्पनी सापटी लिएर परिचालन गरिएको छ। यो न्यून परिपुर्ति गर्न कम्पनीको आर्थिक वर्ष २०७३/७४ को आम्दानी तथा सापटी परिपुर्ति गर्ने लक्ष्य रहेको छ। शेयरधनी माहानुभावहरूलाई प्रदान गर्ने लाभांश भने वोनश शेयर मार्फत प्रदान गरिदै आएको छ ।

**शेयरधनी महानुभावहरू,**

नेपाल सरकारले प्रकाशित गरेको विद्यमान उर्जा संकट निरुपण कार्ययोजना तथा विद्युत विकास दशक कार्यक्रम अन्तर्गत देशका विभिन्न भागमा शौर्य शक्तिबाट विजुली उत्पादन गर्ने नीति लिएको छ । यस अन्तर्गत नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्द्धाबाट देशका तराईका जिल्लाहरूमा अवस्थीत विभिन्न सवस्टेशनहरू रहेका ठाँऊमा जडान गर्ने गरी सोलार बाट जम्मा ६४ मेगावाट विद्युत उत्पादनको लागि नीजिक्षेत्रको लागि एक टेण्डर आह्वान गरेको थियो । सो टेण्डरमा भाग लिएर अपि पावर कम्पनीले जम्मा १८ मेगावाट क्षमताका आठवटा सोलार आयोजना निर्माणको टेण्डर घटाघट विधिबाट प्राप्त गर्न सफल भएको छ । नेपालमा सोलार आयोजनाबाट विद्युत उत्पादन गरि राष्ट्रिय ग्रिडमा जोडेर विद्युत खरिद-विक्रि सम्झौता गरी निजि लगानीकर्तालाई लगानीको लागि आह्वान गरेको यो पहिलो प्रयास हो । यस अन्तर्गत आर्थिक वर्ष २०७२/७३ मा सौर्य उर्जाबाट कुल विद्युत उत्पादनको १० प्रतिशतसम्म अर्थात १०० मेगावाटसम्म र आर्थिक वर्ष २०७३/७४ मा थप १०० मेगावाट विद्युत उत्पादन गर्ने सरकारको लक्ष रहेको छ ।

ग्रिडमा जोडिने सोलार आयोजको निर्माण गर्न औसतमा रू. ९.५५ करोड प्रतिमेगावाट लागत लाग्ने अनुमान छ । यी आयोजनाहरूको निर्माण एक वर्षभित्र सम्पन्न भईसक्ने भएकाले कम्पनीलाई आय प्राप्त हुने तथा अपि पावर कम्पनी हाम्रो देशमा ग्रीडमा जोडिएको सोलार आयोजना निर्माण गर्ने पहिलो कम्पनी बन्ने छ। यी सबै कार्यहरू सम्पन्न गर्न नयाँ आयोजनाहरूमा लगानी वृद्धि गर्न कम्पनीको चुक्ता पूँजीमा १:२ का दरले हकप्रद शेयर निष्काशन स्वीकृतीका लागि अनुरोध गर्दछु ।

कम्पनीलाई आजको यस अवस्थामा पुऱ्याउन सहयोग गर्नु हुने शेयरधनी महानुभावहरू, वित्तिय सहयोग गर्ने बैंकहरू, सिभिल निर्माणको कार्य गर्ने मकालु डेभलपर्स लिमिटेड, हाइड्रोमेकानिकल कार्य सम्पन्न गर्ने अपि हाइड्रोमेकानिकल कम्पनी लि., इलेक्ट्रोमेकानिकल उपकरणहरू आपूर्ति गरी जडान गर्ने Andritz Hydro Pvt. Ltd., नेपाल विद्युत प्राधिकरण, उर्जा मन्त्रालय तथा कम्पनीको काममा अथक मेहनत गर्नुहुने सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आफ्नो व्यस्त कार्यक्रमको बाबजुत पनि यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरूलाई धन्यवाद दिंदै सञ्चालक समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

धन्यवाद ।

(गुरु प्रसाद न्यौपाने)
अध्यक्ष

## अपि पावर कम्पनी लिमिटेडको
# दोस्रो विशेष साधारण सभामा प्रस्तुत प्रतिवेदन

अपि पावर कम्पनी लिमिटेड वि.सं. २०६० साल आषाढ ५ गते कम्पनी रजिष्ट्रारको कार्यलयमा दर्ता भई वि.सं २०७० साल श्रावण ४ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई जलविद्युत सम्बन्धि व्यवसाय गरिरहेको कम्पनी हो। कम्पनीको हालको अधिकृत पूँजी रू. ५०० करोड, जारी पूँजी रू. ३०० करोड र चुक्ता पूँजी रू. १०५ करोड पुगेको छ। कम्पनीको चुक्ता पूँजी मध्ये रू. ६३ करोड संस्थापक शेयरधनी, रू. १०.५ करोड स्थानिय जनता तथा रू. ३१.५ करोड सर्वसाधारण, सामुहिक लगानी कोष तथा कर्मचारीहरूको लगानी रहेको छ। आ.व. २०७२/७३ को खुद मुनाफाबाट शेयरधनीहरूलाई ५ प्रतिशतका दरले वोनश शेयर उपलब्ध गराईएको छ। सो वोनश शेयर सुचिकृत भई कम्पनीको चूक्ता पूँजी रू. १०५ करोड पुगेको हो। कम्पनीले बर्षनी वितरण गर्ने बोनस शेयर तथा नयाँ आयोजनाहरूका लागि पूँजी लगानी वृद्धि गर्नु पर्ने भएकोले यस दोस्रो विशेष साधारण सभा मार्फत कम्पनीको जारी पूँजी रू. ४०० करोड पुऱ्याउने प्रस्ताव गरिएको छ।


कम्पनीमा लगानी गर्ने शेयरधनीहरूमध्ये १,०६४ संस्थापक शेयरधनी, १,९०४ स्थानीय शेयरधनी तथा ४६,५५२ जना साधारण शेयरधनीहरूको लगानी रहेको छ (२०७३ साल फाल्गुण १ गते)। अपि पावर कम्पनीले मिति २०७१/१०/०२ मा उद्योग प्रभावित क्षेत्रका लागि र २०७२/३/२१ देखी २०७२/३/२४ सम्म सर्वसाधारण जनताका लागि शेयर बिक्री खुल्ला गरिएको साधारण शेयर मिति २०७२/०९/०३ गते नेपाल धितोपत्र वोर्डमा सुचिकरण गरिएको थियो। कम्पनीको १,०५,००,००० कित्ता शेयरमध्ये हाल नेपाल स्टक एक्सचेन्जमा ३०,५५,५०० कित्ता शेयरको मात्र कारोबार भै रहेको छ जसको अधिकतम मुल्य रू. ८४०।- सम्ममा कारोबार भएको थियो। कम्पनीको शेयरको न्यूनतम कारोबार मूल्य मिति २०७३/१२/२० मा रू. ५८०।- रहेको छ। संस्थापक शेयरधनी तथा स्थानीय जनताको लगानीको शेयर भने तीन वर्षसम्मका लागि लकईन अवधि रहेको हुँदा कारोवार भएको छैन। हाल निर्माणाधीन अपर नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माण पुरा भई संचालनमा आएपछि कम्पनीको आयमा बृद्धि हुनुका साथै शेयरको बजार मूल्य बढ्ने अनुमान छ।

कम्पनीले आफ्नो लगानी तथा बैंक ऋणबाट महाकाली अंचलको दार्चुला जिल्लामा बहने नौगड गाढ खोलाको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ साना जलविद्युत आयोजना निमार्ण सम्पन्न गरी वि.सं. २०७२ भाद्र २ गतेदेखि राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह गरी व्यापारिक उत्पादन गरिरहेको छ। सो आयोजनाको लागत रू. १४४ करोड रहेको छ। जसमा रू. ७६ करोड बराबरको बैंक ऋण श्री नेपाल बैंक लिमिटेडको अगुवाईमा तथा शेयरधनीहरूबाट रू. ६८ करोड लगानी रहेको छ। विद्युत खरिद बिक्री सम्झौता सम्पन्न हुँदा यस नौगड गाढ साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युत निमार्णाधीन अत्तरिया-बलाच १३२ के.भी ट्रान्समिशन लाईन मार्फत विद्युत प्रवाह हुने सम्झौता रहेको थियो। तर उक्त १३२ केभि ट्रान्समिशन लाईन आयोजना हालसम्म पनि निमार्ण पुरा भई संचालन हुन सकेको छैन। यसको तात्कालीन विकल्पको रुपमा विद्यमान ३३ के.भि. ट्रान्समिशन लाईनबाट राष्ट्रिय ग्रिडमा प्रवाह गरिरहेका छौं। यो लाइनमा बारम्बार ट्रीप हुने तथा फल्ट आउने भएकाले कम्पनीले लक्ष्य अनुसार विद्युत प्रवाह गर्न सकेको छैन। १३२ के.भि. ट्रान्समिशन लाईन सुचारु भएपछि लाईन लसमा कमी आई

कम्पनीको आयमा बृद्धि हुनेछ । कम्पनीले विद्युत उत्पादन सुरु गरे पश्चात् हालसम्म प्राप्त आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## POWER GENERATION AND REVENUE

| S.N. | Month | Contract Energy (kWh) | Generated Energy (kWh) | Reveneu (NPR) |
|---|---|---|---|---|
| 1 | 2072 Bhadra | 6010330 | 2832100 | 11,275,300.00 |
| 2 | 2072 Asoj | 6010330 | 3342010 | 13,358,420.00 |
| 3 | 2072 Karthik | 5816448 | 3125650 | 12,499,000.00 |
| 4 | 2072 Mangsir | 3436707 | 2056130 | 8,220,830.00 |
| 5 | 2072 Poush | 2948177 | 1950690 | 13,652,580.00 |
| 6 | 2072 Magh | 2564546 | 1400570 | 9,800,840.00 |
| 7 | 2072 Falgun | 2666632 | 1299200 | 9,090,530.00 |
| 8 | 2072 Chaitra | 2644500 | 1112330 | 7,781,270.00 |
| 9 | 2073 Baisakh | 3112552 | 900370 | 3,599,140.00 |
| 10 | 2073 Jestha | 4510176 | 1004510 | 4,013,900.00 |
| 11 | 2073 Asadh | 6204211 | 3370060 | 13,471,330.00 |
| 12 | 2073 Shrawan | 6010330 | 3439790 | 14,150,766.80 |
| 13 | 2073 Bhadra | 6010330 | 3542380 | 14,584,669.60 |
| 14 | 2073 Ashwin | 6010330 | 4017670 | 16,539,930.40 |
| 15 | 2073 Kartik | 5816448 | 3757820 | 15,474,874.40 |
| 16 | 2073 Mangsir | 3436707 | 2436000 | 10,028,760.00 |
| 17 | 2073 Poush | 2948177 | 2202890 | 15,879,920.90 |
| 18 | 2073 Magh | 2564546 | 1815780 | 13,087,021.80 |
| | | **Total** | | **206,509,083.90** |





नौगड गाढ साना जलविद्युत आयोजनाको ८.५ मे.वा.को विद्युत गृह र ३३ के.भी. सवस्टेशन

कम्पनीको व्यवसाय विस्तार गर्दै जाने उद्देश्य अनुसार कम्पनीले दार्चुला जिल्लामा बहने नौगड गाढमा ८ मेगावाट क्षमताको अपर नौगड गाढ साना जलविद्युत आयोजना निमार्णका लागि अनुमतीपत्र प्राप्त गरी द्रुत गतिमा निर्माणको काम भइरहेको छ। अपर नौगड गाढ साना जलविद्युत आयोजनाको निमार्णको कुल लागत रू. १४४ करोड हुने अनुमान छ। यस आयोजनाका लागि बैंक ऋण रू. १०० करोड तथा शेयरधनीहरूबाट रू. ४४ करोड लगानी हुनेछ। बैंकऋण मध्ये नेपाल एस.बि.आई. बैंक लि.बाट रू. ५५ करोड, प्रभु बैंक लि.बाट रू. ४५ करोड लागत गर्ने गरी Syndicated Loan Agreement भएको छ । यो आयोजना निर्माणको लागि चाहिने स्वलगानीको लागि थप साधन परिचालन गर्नु पर्ने आवश्यकता छ। यो आयोजनाको निर्माण पुरा भई २०७५ बैशाख महिनादेखि विद्युत उत्पादन सुरुगर्ने लक्ष्य रहेको छ।



अपर नौगड गाढ साना जलविद्युत आयोजनाको ८ मे.वा.को निर्माणाधीन विद्युतगृह


नेपाल सरकारले विद्युत संकट निरुपण कार्ययोजना अन्तर्गत देशका विभिन्न भागमा शौर्य शक्ति तथा हावाबाट विजुली उत्पादन गर्ने नीति लिएको छ। यस अन्तर्गत नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्द्धाबाट देशका तराईका जिल्लाहरूमा अवस्थित विभिन्न सवस्टेशनहरू रहेका ठाँऊमा जडान गर्ने गरी सोलारबाट जम्मा ६४ मेगावाट विद्युत उत्पादनको लागि नीजिक्षेत्रको लागि एक टेण्डर आह्वान गरेको थियो। सो टेण्डरमा भाग लिएर अपि पावर कम्पनीले जम्मा १८ मेगावाट क्षमताका आठवटा सोलार आयोजना निर्माणको टेण्डर घटाघट विधिबाट प्राप्त गर्न सफल भएको छ। यी आयोजनाहरूको विवरण तल प्रस्तुत गरिएको छ।

| | परियोजनास्थल | जिल्ला | क्षमता (मेगावाट) | अनुमानित लागत (करोड) |
|---|---|---|---|---|
| १ | ढल्केवर | धनुषा | १.० | ९.५५ |
| २ | चन्द्रनिगाहपुर | रौतहट | ४.० | ३८.२ |
| ३ | सिमरा | वारा | १.० | ९.५५ |
| ४ | परवानीपुर | पर्सा | ८.० | ७६.४ |
| ५ | कावासोती | नवलपरासी | ०.५ | ४.७७५ |
| ६ | कावासोती | नवलपरासी | १.० | ९.५५ |
| ७ | वर्दघाट | नवलपरासी | १.० | ९.५५ |
| ८ | चन्द्रौटा | कपिलवस्तु | १.५ | १४.३२५ |
| | **जम्मा** | | **१८.०** | **१७१.९** |

नेपालमा सोलार आयोजनाबाट विद्युत उत्पादन गरि राष्ट्रिय ग्रिडमा जोडेर विद्युत खरिद–विक्रि सम्झौता गरी निजि लगानीकर्तालाई लगानीको लागि आह्वान गरेको यो पहिलो प्रयास हो। यस अन्तर्गत आर्थिक वर्ष २०७२/७३ मा सौर्य उर्जाबाट कुल विद्युत उत्पादन १० प्रतिशतसम्म अर्थात १०० मेगावाटसम्म र आर्थिक वर्ष २०७३/७४ मा थप १०० मेगाबाट विद्युत उत्पादन गर्ने सरकारको लक्ष रहेको छ।




सौर्य उर्जाबाट दिउँसोको समयमा मात्र विद्युत उत्पादन भई ग्रिडमा आपुर्ति हुन्छ। एक मेगावाट क्षमताको सोलार प्लान्ट जडानका लागि ३ विघा जमिनको आवश्यकता पर्दछ। यस्तो जमिन खरिद गरेर अथवा लिजमा लिएर वा तराईमा रहेको सरकारी जग्गा प्राप्त गरेर काम गर्न सकिने संभाव्यता रहेको छ।




सौर्य उर्जा विद्युत उत्पादन विधि

ग्रिडमा जोडिने सोलार आयोजको निर्माण गर्न औसतमा रू. १० करोड प्रतिमेगावाट लागत लाग्ने अनुमान छ । यी आयोजनाहरूको निर्माण एक वर्षभित्र सम्पन्न भईसक्ने भई भएकाले कम्पनीलाई आय प्राप्त हुने तथा अपि पावर कम्पनी हाम्रो देशमा ग्रीडमा जोडिएको सोलार आयोजना निर्माण गर्ने पहिलो कम्पनी बन्ने छ ।

अपि पावर कम्पनीले महाकाली अञ्चलको दार्चुला जिल्लमा बहने चमेलया नदीमा ४० मेगावाट क्षमताको अपर चमेलिया जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन अनुमति प्राप्त गरी सल्लाहकार नियुक्ति बिस्तृत अध्ययनको काम गरिरहेको छ। यो अध्ययन पुरा गरी विद्युत खरीद बिक्री सम्झौता पुरा गरेर आयोजना निर्माण गर्ने लक्ष्य लिएर काम गरिरहेका छौं। सुदुर पश्चिमाञ्चलमा निमार्णाधीन अत्तरिया बलाच १३२ के.भी. ट्रान्समिशन लाईन आयोजनाको दोश्रो सर्किटमा लाईन तान्ने काम सुरु भएसँगै कम्पनीले यो आयोजनाको निर्माणको काम सुरु गर्नेछ।



40 मे.वा. अपर चमेलिया जलविद्युत आयोजनाको प्रस्तावित विद्युतगृह स्थल

सिद्धकाली पावर कम्पनी लिमिटेडले निर्माण गर्न लागेको त्रिशुली गल्छी जलविद्युत आयोजनाको संस्थापक शेयरमा लगानी गर्नका लागि कम्पनीलाई प्रस्ताव प्राप्त भएको छ । उक्त प्रस्तावमा कम्पनीको संचालक समितिको बैठकमा छलफल गरी कम्पनीले रू. २०० करोड लगानी गरी परियोजना निर्माणमा संलग्न हुने निर्णय गरी मिति २०७२/१२/२७ मा पहिलो विशेष

साधारण सभाबाट १:२ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय पारित गरी सोको स्वीकृतीको लागि धितोपत्र बोर्डमा मिति २०७३/१/१ मा आवेदन गरेकोमा अहिलेसम्म पनि स्वीकृती पत्र प्राप्त भएको छैन ।

कम्पनीसँग रहेको रू. १०० करोडको चुक्ता पूँजी तथा आर्थिक वर्ष २०७२/७३ को मुनाफाबाट प्राप्त रू. ५ करोड समेत गर्दा रू. १०५ करोड रहेकोमा नौगडगाड आयोजना निर्माणको लागि रू. ६८ करोड लगानी भएको छ । यसैगरी अपि हाईड्रोमेकानिकल कम्पनी लिमिटेडको शेयरमा रू. ७ करोड, अरुण काबेली पावर लिमिटेड कम्पनीको शेयरमा रू. ५.० करोड, सिद्धकाली पावर लिमिटेडको शेयरमा रू. ५.० करोड, सोलार आयोजना विकासको लागि रू. २.० करोड तथा अन्य लगानीमा रू. ४.४ करोड उपयोग भई कम्पनीसंग बचेको रू. ९ करोड अपर नौगड गाढ साना जलविद्युत आयोजनामा लगानी भएको छ । अपर नौगड गाढ साना जलविद्युत आयोजना निर्माणको लागि चाहिने थप पूँजी अन्तर कम्पनी सापटी लिएर परिचालन गरिएको छ । यो न्यून परिपुर्ति गर्न कम्पनीको आर्थिक वर्ष २०७३/७४ को आम्दानी तथा हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने पूँजीबाट परिपूर्ति गर्ने लक्ष्य रहेको छ । शेयरधनी माहानुभावहरूलाई प्रदान गर्ने लाभांश भने वोनश शेयर मार्फत प्रदान गरिदै आएको छ ।

कम्पनीले अपर नौगड गाढ साना जलविद्युत आयोजनाको काम तीव्ररुपमा अघि बढाएको, सोलारका आयोजनाहरूको काम गर्ने नयाँ निर्णय गरेको, अपर चमेलिया जलविद्युत आयोजनाको संभाव्यता अध्ययनको काम गरिरहेको र त्रिशुली गल्छी जलविद्युत आयोजनामा पनि लगानी गर्नु प्रतिबद्धता व्यक्त गरेको हुँदा नयाँ ढंगले पूँजी लगानीको योजना बनाई काम गर्नु पर्ने आवश्यकता छ ।

जलविद्युत लगाएतका पब्लिक लिमिटेड कम्पनीहरूलाई हकप्रद शेयर निष्काशन गर्ने दिने सम्बन्धमा नेपाल धितोपत्र बोर्डले मिति २०७३/१/१ मा नयाँ नीति लागू गरेको छ । सो नीतिमा भएको व्यवस्थानुसार प्राथमिक शेयर निष्काशन गरेको दुई वर्ष पुरा भएका कम्पनीलाई मात्र हकप्रद शेयर निष्काशन गर्न दिने नीति बनेको हुँदा हाम्रो कम्पनीले सर्वसाधारण जनताको लगानीका लागि शेयर निष्काशनको स्वीकृती पाएको मिति २०७२/३/११ भएको हुँदा सो मिति देखि दुई वर्ष पुरा हुनका लागि २०७४/३/११ सम्म प्रतिक्षा गर्नु पर्ने भएको छ । यसपछि मात्र कम्पनीले हकप्रद शेयर निष्काशन गर्ने अनुमति पत्र प्राप्त गर्ने छ ।

कम्पनीको यस दोश्रो विशेष साधारण सभाबाट कम्पनीको हालको चुक्ता पूँजी रू. १०५ करोडको १:२ का अनुपातमा हकप्रद शेयर निष्काशन गरी जम्मा रू. २१० करोड थप पूँजी संकलन गर्ने प्रस्ताव गरेको छौं । कम्पनीमा यसरी संकलन हुने पूँजी निम्नबमोजिम लगानी गर्ने योजना रहेको छ ।

| सि.नं | परियोजना | लगानी (रू. करोडमा) |
|---|---|---|
| १ | सोलार विद्युत आयोजना | ११०.०० |
| २ | त्रिशुली गल्छी जलविद्युत आयोजना | १००.०० |
| | **जम्मा** | **२१०.००** |

कम्पनीको मिति २०७२/१२/२७ सम्पन्न पहिलो विशेष साधारण सभाबाट कम्पनीका शेयरधनीहरूका लागि १:२ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने र यसरी निष्काशन गरिएको शेयरबाट संकलन हुने रकम सिद्धकाली पावर लिमिटेडको संस्थापक शेयरमा लगानी गर्ने निर्णय गरेको थियो ।


साधारण सभाबाट अनुमोदित कम्पनीको यो निर्णयको आधारमा हकप्रद शेयर निष्काशनको अनुमतीका लागि मिति २०७२/१/१० मा धितोपत्र वोर्डमा आवेदन गरिएको छ । यो आवेदन उपर अन्तिम स्वीकृती प्रदान हुने क्रममा लामो समय व्यतित भएको छ तर स्वीकृती प्राप्त भएको छैन । मिति २०७३/०८/२१ को संचालक समितिको निर्णय वमोजिम धितोपत्र वोर्डले एक सूचना प्रकाशित गरी बैकिङ्ग वा बीमा सम्बन्धी व्यवसाय गर्ने कम्पनीहरू वाहेक अन्य संगठित संस्थाहरूको हकप्रद निष्काशन तथा थप सार्वजनिक निष्काशनको लागि थप शर्त तथा मापदण्डहरू लागू गरेको र यसबाट अपि पावर कम्पनीलाई समेत असर पुऱ्याएको थियो । नयाँ निष्काशनमा समय लाग्ने र सिद्धकाली पावर लिमिटेडमा अपि पावर कम्पनीले २०० करोड बराबरको शेयर लगानी गर्न नसक्ने हुँदा सिद्धकाली पावर लिमिटेडले स्वतन्त्ररुपमा सर्वसाधारण लगानीकर्ताहरूलाई आहवान गरी संस्थापक शेयरमा लगानी जुटाई रहेको र कम्पनीमा अव अपि पावर कम्पनीको न्यूनतम शेयर लगानी हुनेछ ।


कम्पनीका अन्य नयाँ आयोजनाहरू मध्ये अपर नौगड गाढ, सोलार विद्युत आयोजना, अपर चमेलिया आदि आयोजनाहरूको निमार्णको लागि चाहिने लगानीका लागि आ.व. २०७३/०७४ भित्र हकप्रद शेयर निष्काशन गर्ने गरी कम्पनीले काम गरिरहेको कुरा सर्वसाधारण लगानीकर्ताहरूलाई जानकारी गराउँदछौ । मिति २०७३/०८/२१ को संचालक समितिको निर्णय बमोजिम धितोपत्र बोर्डले एक सूचना प्रकाशित गरी बैकिङ्ग वा बिमा सम्बन्धी व्यवसाय गर्ने कम्पनीहरू वाहेक अन्य संगठित संस्थाहरूको हकप्रद निष्काशन तथा थप सार्वजनिक निष्काशनको लागि थप शर्त तथा मापदण्डहरू बमोजिम सार्बजनिक निष्काशन गरेको कम्तीमा पनि २ वर्ष पुरा नगरी हकप्रद शेयर जारी गर्न नपाउने नियमको कारण कम्पनीले २०७४/०३/११ पछि मात्र हकप्रद शेयर जारी गर्नसक्ने छ ।


कम्पनीले अर्थिक वर्ष २०७२/७३ को मुनाफाबाट बोनश शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रू. १०५ करोड भएकाले सो पूँजीको १:२ शेयर जारी गरी रू. २१० करोड रकम शेयरधनीहरूबाट संकलन गर्नेछ । यसपछि कम्पनीको चुक्ता पूँजी रू. ३१५ करोड पुग्ने छ ।


पव्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भई विद्युत विकासको काममा संलग्न भएको यस कम्पनीमा धेरै शेयरधनीहरूको लगानी रहेको छ । लगानीमा उचित प्रतिफल प्राप्त होस भन्ने बारेमा कम्पनी सदैव समर्पित भएर काम गरिरहेको छ । कम्पनीले बिभिन्न आयोजनामा लगानी गरे पश्चात कम्पनीको पूँजी संरचना, आय, नाफा शेयर मूल्यमा हुने बृद्धि निम्न बमोजिम रहने अनुमान छ ।


## Projected Indicators






## हकप्रद सेयर निष्काशन सम्बन्धमा

कम्पनीले मिति २०७२।१२।२७ मा पहिलो विशेष साधारण सभा बोलाई १:२ को हकप्रद सेयर जारी गर्ने प्रस्ताव गरेको थियो । कम्पनीको सो बखत चुक्ता पूँजी १०० करोड रहेको थियो । कम्पनीले रू. २०० करोड हकप्रद प्रस्ताव मार्फत् जारी गरेको सो रकम सिद्धकाली पावर लिमिटेडले निर्माण गर्ने ७५ मे.वा. क्षमताको त्रिशुली गल्छी जलविद्युत आयोजनामा लगानी गर्ने निर्णय गरेको थियो । हकप्रदको लागि नेपाल धितोपत्र बोर्डमा आवेदन दिएका थियौं । नेपाल धितोपत्र बोर्डले बैंक, वित्तीय संस्था बाहेक अन्य क्षेत्रहरूमा नियमनकारी निकाय नभएको परिप्रेक्षमा एक मापदण्ड बनाएको छ । सो मापदण्डको आधारमा कम्पनीले पूरा गर्नुपर्ने शर्तहरू पूरा भएको र मिति २०७४।३।११ गते कम्पनीले सर्वसाधारणलाई निष्काशन गर्न अनुमति पाएको दुई वर्ष पूरा हुनेछ । तसर्थ कम्पनीले उक्त नियमहरू पूर्ण सफल रुपमा पालन गरी हाल १.०५ करोड चुक्ता पूँजीको १:२ को हकप्रद जारी गर्नेछ । रू. २१० करोडको हकप्रदको रकममध्ये रू. १०० करोड मात्र सिद्धकाली पावर लिमिटेडले निर्माण गर्ने ७५ मे.वा. क्षमताको त्रिशुली गल्छी आयोजनामा लगानी गरी बाँकी रकम रू. ११० करोड कम्पनीले स्वयम् निर्माण गर्ने आठवटा ग्रीडमा आवद्ध जम्मा १८ मे.वा. क्षमताका सोलार आयोजनाहरूमा लगानी गर्नेछ ।

नेपाल धितोपत्र बोर्डबाट जारी मिति २०७३।८।२२ गतेको निर्देशिका बमोजिम हकप्रद जारी गर्न आवश्यक दफाहरू पालना भएकोले हकप्रद निष्काशनको स्वीकृति प्राप्त हुने विश्वास लिएका छौं ।

नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस विज्ञप्ती

### बैंकिङ, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्थाहरुको हकप्रद निष्काशन तथा थप सार्वजनिक निष्काशनको शर्त तथा मापदण्डहरु सम्बन्धमा

बैंकिङ, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्थाहरुको हकप्रद निष्काशन तथा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) लाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन एवं सो सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था सिफारिश गर्न गठित समितिले पेश गरेको प्रतिवेदनको सिफारिश बमोजिम बोर्डको मिति २०७३।०८।२१ को निर्णयानुसार धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १७, १८ र १९ बमोजिम हकप्रद निष्काशन तथा नियम १४ बमोजिम थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्ने संगठित संस्था बैंक, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य सूचिकृत संगठित संस्थाहरुले धितोपत्र सम्बन्धी ऐन, धितोपत्र दर्ता तथा निष्काशन नियमावली र निर्देशिकामा भएको व्यवस्थाको अतिरिक्त संगठित संस्थाले हकप्रद शेयर वा फर्दर पब्लिक इस्यू मार्फत प्राप्त हुने रकम संगठित संस्थामा वा संगठित संस्था प्रवर्द्धित परियोजनामा वा दोश्रो कम्पनीको शेयर खरिदमा वा सहायक कम्पनी तथा सहायक कम्पनी प्रवर्द्धित परियोजनामा लगानी गर्ने भएमा त्यस्ता संगठित संस्था, दोस्रो कम्पनी वा कम्पनी ऐनको व्यवस्था अनुसार शेयर स्वामित्व भएको सहायक कम्पनी तथा सहायक कम्पनी प्रवर्द्धित परियोजनाले समेत विभिन्न शर्त तथा मापदण्डहरु पूरा गरेको हुनुपर्ने व्यवस्था गरिएको छ ।

मुख्य मुख्य शर्त तथा मापदण्डहरु देहाय अनुसार छन् :

- हकप्रद शेयर वा फर्दर पब्लिक इस्यू सम्बन्धमा साथै उक्त निष्काशनबाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना तथा रणनीतिहरु साधारण सभाबाट पारित गराएको हुनुपर्ने ।
- हकप्रद निष्काशन अनुपातको औचित्य पुष्टि गर्ने आधारहरु प्रष्ट हुनुपर्ने ।
- प्राथमिक निष्काशन गरेको कम्तिमा २ वर्ष पूरा भएको हुनुपर्ने ।
- नियमानुसार क्रेडिट रेटिङ्ग गरेको हुनुपर्ने ।
- जारी पूंजी शत प्रतिशत चुक्ता भैसकेको हुनुपर्ने ।
- प्रचलित कानून बमोजिम परियोजना निर्माणको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमतिपत्र वा स्वीकृति लिइसकेको हुनुपर्ने ।
- परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजरको सैद्धान्तिक सहमतिपत्र (Letter of Intent-LOI) प्राप्त गरिसकेको हुनुपर्ने ।
- हकप्रद निष्काशन वा फर्दर पब्लिक इस्यूको सार्वजनिक सूचना प्रकाशित गर्नु भन्दा कम्तीमा ५ कार्य दिन अगाडि परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजर भएको जानकारी गराई बोर्डको स्वीकृति लिएर मात्रै दरखास्त खुल्ला गरिएको सूचना प्रकाशित गर्नु पर्ने आदि रहेका छन् ।

उपर्युक्त व्यवस्थाबाट बैंकिङ, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य सूचिकृत संगठित संस्थाहरुले हकप्रद शेयर निष्काशन तथा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत पूंजी वृद्धि गर्दा पूरा गर्नुपर्ने शर्त तथा मापदण्डहरु सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था हुन गई यस सम्बन्धी लगानी व्यवस्थित हुने र त्यस्ता संस्थाहरु प्रति लगानीकर्ताहरुको विश्वास अभिबृद्धि भई समग्र पूंजी बजारको समयानुकुल विकास तथा विस्तार हुन जाने बोर्डको अपेक्षा रहको छ ।

साथै सूचिकृत कम्पनीहरु तथा मर्चेण्ट बैंकरहरुलाई यस सम्बन्धी सर्कुलर बोर्डको वेभ साईट www.sebon.gov.np मा राखिएको छ ।

मिति: २०७३।०८।२२

(निरञ्जय घिमिरे)
सहायक प्रवक्ता

Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np

## सोलार आयोजनाहरूमा बैंकले लगानी गर्ने आशय-पत्र

**NMB BANK LIMITED**
**एनएमबि बैंक लिमिटेड**
("A" class commercial bank licensed by Nepal Rastra Bank.)

Ref. No. NMB/CB/073-74/419

Date: 01/02/2017

Mr. Guru Prasad Neupane
Chairman
Api Power Company Ltd.
Trade Tower, Thapathali
Kathmandu

Subject: **Letter of Intent: Api Power Company Ltd.**

Dear Sir,

This is in reference to your letter dated 26th January, 2017.

We issue this Letter of Intent (LoI) with an understanding that we shall arrange (as the lead bank) the necessary debt financing at an acceptable debt equity ratio for the installation of the solar power plants located at various places mentioned below:

| S. No. | Company Name | Location | Capacity |
|---|---|---|---|
| 1. | Api Power Company Ltd. | Chanauta, Kapilvastu | 1.5 MW |
| 2. | Api Power Company Ltd. | Parwanipur, Parsa | 8 MW |
| 3. | Api Power Company Ltd. | Dhalkebar, Janakpur | 1 MW |
| 4. | Api Power Company Ltd. | Kawasoti, Nawalparasi | 0.5 MW |
| 5. | Api Power Company Ltd. | Bardaghat, Nawalparasi | 1 MW |
| 6. | Api Power Company Ltd. | Kawasoti, Nawalparasi | 1 MW |
| 7. | Api Power Company Ltd. | Simara, Parsa | 1 MW |
| 8. | Api Power Company Ltd. | Chandranigahapur, Rautahat | 4 MW |

A successful Financial Closure for debt financing the project is subsequent to a favorable outcome of Feasibility Study, Credit Appraisal and successful loan negotiation, along with adherence to NRB guidelines and Bank's credit policies.

This letter does not constitute or give rise to (i) any obligation on the part of the bank to provide any credit facilities (ii) representations or warranties in respect of any of the foregoing. This has been issued at the request of the subject company without any liability on our part.

Sincerely,

Authorized Signatory

Authorized Signatory

NMB Bank Limited
Babarmahal, GPO Box: 11543
Kathmandu, Nepal
Tel: 977 1 4246160 | Toll Free No.: 16600125252
Fax: 977 1 4246156 | Email: call@nmb.com.np
swiftcode: NMBBNPKA

## हक-हस्तान्तरण सम्बन्धी व्यवस्था

**अपि पावर कम्पनी लिमिटेडको नियमावलीमा उल्लेख भएको हकप्रद सेयर सम्बन्धी व्यवस्थाहरू:**

<u>नियमावलीको नियम ७ अनुसार</u>

१. सेयरधनीले आफैले खरीद गर्न पाउने व्यवस्था,

२. सेयरधनी आफैले खरीद गर्न असमर्थ भएमा सेयरधनीले इच्छाएको व्यक्तिको नाममा हकप्रद सेयर खरीद गर्न सक्ने,

३. सेयरधनीले आफ्नो हकप्रद सेयर खरीद गर्न असमर्थ तथा अरु कसैलाई पनि नदिएमा उक्त सेयर स्वत: कम्पनीमा नै रहने र बोलपत्रका माध्यमबाट बिक्री वितरण गर्न सकिने ।

अपि पावर कम्पनी लिमिटेड
केन्द्रीय कार्यालय
थापाथली, काठमाण्डौं

०६२।५।१६.

**नियमावलीतर्फको संशोधन**

नियमावलीको नियम ७ को संशोधन

३. हकप्रद शेयर जारी गर्ने ।

४.यस कम्पनीले जारी गर्ने हकप्रद शेयरमा कुनै शेयरधनीले लगानी गर्न नसकेमा अरु कसैलाई प्रचलित कानून बमोजिम हक हस्तान्तरण गर्न पाउने ।

## API POWER COMPANY LIMITED
## PROJECTED BALANCE SHEET

| Particulars | F/Y 73/74 | F/Y 74/75 | F/Y 75/76 | F/Y 76/77 | F/Y 77/78 | F/Y 78/79 | F/Y 79/80 | F/Y 80/81 | F/Y 81/82 | F/Y 82/83 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Assets** | | | | | | | | | | |
| **Non-Current Assets** | | | | | | | | | | |
| Property, Plant & Equipments, Net | 1,534,500,000 | 4,715,800,000 | 4,613,900,000 | 4,512,000,000 | 4,394,600,000 | 11,405,200,000 | 11,201,400,000 | 10,997,600,000 | 10,793,800,000 | 10,574,500,000 |
| Project in Progress | 288,000,000 | 180,000,000 | 900,000,000 | 1,800,000,000 | 3,060,000,000 | - | - | - | - | - |
| Investment (At Cost) | 145,700,000 | 1,345,700,000 | 1,345,700,000 | 1,345,700,000 | 1,345,700,000 | 1,345,700,000 | 1,345,700,000 | 1,345,700,000 | 1,345,700,000 | 1,345,700,000 |
| **Total Non-Current Assets** | **1,968,200,000** | **6,241,500,000** | **6,859,600,000** | **7,657,700,000** | **8,800,300,000** | **12,750,900,000** | **12,547,100,000** | **12,343,300,000** | **12,139,500,000** | **11,920,200,000** |
| **Current Assets** | | | | | | | | | | |
| Cash & Cash Equivalent | 11,554,370 | 118,952,223 | 261,316,629 | 118,017,733 | 379,140,053 | 18,519,227 | 231,623,333 | 249,420,181 | 259,145,561 | 4,013,297 |
| Project Advances | 216,000,000 | 180,000,000 | 900,000,000 | 1,800,000,000 | 3,060,000,000 | - | - | - | - | - |
| Other Advances, Deposits & Receivables | 31,500,000 | 82,999,899 | 146,580,624 | 148,765,749 | 300,953,613 | 356,165,059 | 415,882,535 | 414,880,373 | 412,692,515 | 410,519,996 |
| **Total Current Assets** | **259,054,370** | **381,952,122** | **1,307,897,252** | **2,066,783,482** | **3,740,093,665** | **374,684,286** | **647,505,868** | **664,300,555** | **671,838,076** | **414,533,293** |
| **Total Assets** | **2,227,254,370** | **6,623,452,122** | **8,167,497,252** | **9,724,483,482** | **12,540,393,665** | **13,125,584,286** | **13,194,605,868** | **13,007,600,555** | **12,811,338,076** | **12,334,733,293** |
| | | | | | | | | | | |
| **Equity & Liabilities** | | | | | | | | | | |
| **Equity** | | | | | | | | | | |
| Share Capital | ,050,000,000 | 3,255,000,000 | 3,645,600,000 | 4,192,440,000 | 4,821,306,000 | 4,821,306,000 | 4,821,306,000 | 4,821,306,000 | 4,821,306,000 | 4,821,306,000 |
| Reserve & Surplus | 138,844,995 | 424,933,675 | 495,652,708 | 433,271,337 | 298,958,086 | 1,325,367,576 | 1,872,923,668 | 2,205,531,471 | 2,574,105,027 | 2,714,046,101 |
| **Total Equity** | **1,188,844,995** | **3,679,933,675** | **4,141,252,708** | **4,625,711,337** | **5,120,264,086** | **6,146,673,576** | **6,694,229,668** | **7,026,837,471** | **7,395,411,027** | **7,535,352,101** |

| Particulars | F/Y 73/74 | F/Y 74/75 | F/Y 75/76 | F/Y 76/77 | F/Y 77/78 | F/Y 78/79 | F/Y 79/80 | F/Y 80/81 | F/Y 81/82 | F/Y 82/83 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Non Current Liabilities** | | | | | | | | | | |
| Long Term Borrowings | 970,909,375 | 2,871,018,446 | 3,948,332,044 | 5,014,997,770 | 7,330,003,611 | 6,881,899,281 | 6,395,897,119 | 5,868,181,263 | 5,294,549,473 | 4,668,451,404 |
| **Total Non-Current Liabilities** | **970,909,375** | **2,871,018,446** | **3,948,332,044** | **5,014,997,770** | **7,330,003,611** | **6,881,899,281** | **6,395,897,119** | **5,868,181,263** | **5,294,549,473** | **4,668,451,404** |
| **Current Liabilities & Provisions** | | | | | | | | | | |
| Trade Payables | 32,500,000 | 35,750,000 | 39,325,000 | 43,257,500 | 47,583,250 | 52,341,575 | 57,575,733 | 63,333,306 | 69,666,636 | 76,633,300 |
| Other Liabilities & Provisions | 35,000,000 | 36,750,000 | 38,587,500 | 40,516,875 | 42,542,719 | 44,669,855 | 46,903,347 | 49,248,515 | 51,710,941 | 54,296,488 |
| **Total Current Liabilities** | **67,500,000** | **72,500,000** | **77,912,500** | **83,774,375** | **90,125,969** | **97,011,430** | **104,479,080** | **112,581,821** | **121,377,577** | **130,929,788** |
| **Total Equity & Liabilities** | **2,227,254,370** | **6,623,452,122** | **8,167,497,252** | **9,724,483,482** | **12,540,393,665** | **13,125,584,286** | **13,194,605,868** | **13,007,600,555** | **12,811,338,076** | **12,334,733,293** |

# API POWER COMPANY LIMITED

## PROJECTED INCOME STATEMENT

| Particulars | F/Y 73/74 | F/Y 74/75 | F/Y 75/76 | F/Y 76/77 | F/Y 77/78 | F/Y 78/79 | F/Y 79/80 | F/Y 80/81 | F/Y 81/82 | F/Y 82/83 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Income** | | | | | | | | | | |
| Income from Power Sales | 175,000,000 | 497,999,392 | 879,483,741 | 892,594,494 | 905,721,676 | 2,493,155,413 | 2,495,295,208 | 2,489,282,241 | 2,476,155,089 | 2,463,119,976 |
| Income from Other Sources | 57,250,000 | 51,550,000 | 22,705,000 | 26,475,500 | 27,873,050 | 334,959,353 | 336,650,388 | 338,510,527 | 340,556,680 | 342,807,448 |
| **Total Income (A)** | **232,250,000** | **549,549,392** | **902,188,741** | **919,069,994** | **933,594,726** | **2,828,114,765** | **2,831,945,596** | **2,827,792,768** | **2,816,711,769** | **2,805,927,425** |
| Operating Expenditure | | | | | | | | | | |
| Royalty | 4,350,000 | 13,409,988 | 21,039,675 | 21,301,890 | 21,564,434 | 57,313,108 | 57,355,904 | 57,235,645 | 56,973,102 | 56,712,400 |
| Project Operating Expenses | 4,000,000 | 10,000,000 | 10,500,000 | 11,025,000 | 11,576,250 | 12,155,063 | 12,762,816 | 13,400,956 | 14,071,004 | 14,774,554 |
| Administrative Expenses | 15,000,000 | 26,250,000 | 27,562,500 | 28,940,625 | 30,387,656 | 79,767,598 | 83,755,978 | 87,943,776 | 92,340,965 | 96,958,013 |
| **Total Operating Expenditure (B)** | **23,350,000** | **49,659,988** | **59,102,175** | **61,267,515** | **63,528,340** | **149,235,768** | **153,874,697** | **158,580,378** | **163,385,071** | **168,444,967** |
| Non-Operating Expenditure | | | | | | | | | | |
| Financial Expenses | 66,612,026 | 145,199,409 | 254,715,889 | 237,839,360 | 219,950,818 | 696,492,825 | 652,366,337 | 604,423,985 | 552,279,394 | 495,506,884 |
| Depreciation | 15,500,000 | 58,700,000 | 101,900,000 | 101,900,000 | 117,400,000 | 189,400,000 | 203,800,000 | 203,800,000 | 203,800,000 | 219,300,000 |
| Bonus | 2,500,000 | 4,375,000 | 4,593,750 | 4,823,438 | 5,064,609 | 5,317,840 | 5,583,732 | 5,862,918 | 6,156,064 | 6,463,868 |
| **Total Non-Operating Expenditure (C)** | **84,612,026** | **208,274,409** | **361,209,639** | **344,562,798** | **342,415,427** | **891,210,665** | **861,750,069** | **814,086,903** | **762,235,458** | **721,270,752** |
| | | | | | | | | | | |
| **Profit / (Loss) Before Tax (A-B-C)** | **124,287,974** | **291,614,996** | **481,876,927** | **513,239,682** | **527,650,959** | **1,787,668,332** | **1,816,320,830** | **1,855,125,487** | **1,891,091,240** | **1,916,211,706** |
| Current Tax | - | - | - | - | - | - | - | - | - | - |
| Deferred Tax | - | - | - | - | - | - | - | - | - | - |
| **Net Profit / (Loss) after Tax** | **124,287,974** | **291,614,996** | **481,876,927** | **513,239,682** | **527,650,959** | **1,787,668,332** | **1,816,320,830** | **1,855,125,487** | **1,891,091,240** | **1,916,211,706** |
| **Profit For Appropriation** | **124,287,974** | **291,614,996** | **481,876,927** | **513,239,682** | **527,650,959** | **1,787,668,332** | **1,816,320,830** | **1,855,125,487** | **1,891,091,240** | **1,916,211,706** |

| Particulars | F/Y 73/74 | F/Y 74/75 | F/Y 75/76 | F/Y 76/77 | F/Y 77/78 | F/Y 78/79 | F/Y 79/80 | F/Y 80/81 | F/Y 81/82 | F/Y 82/83 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Reserve and Surplus from Previous Year / Period | 67,188,601 | 138,844,995 | 424,933,675 | 495,652,708 | 433,271,337 | 298,958,086 | 1,325,367,576 | 1,872,923,668 | 2,205,531,471 | 2,574,105,027 |
| Premium on Right Shares Auction | | 105,000,000 | | | | | | | | |
| Proposed Dividend / Bonus | 52,631,579 | 110,526,316 | 411,157,895 | 575,621,053 | 661,964,211 | 761,258,842 | 1,268,764,737 | 1,522,517,684 | 1,522,517,684 | 1,776,270,632 |
| **Balance Carried to Balance Sheet** | **138,844,995** | **424,933,675** | **495,652,708** | **433,271,337** | **298,958,086** | **1,325,367,576** | **1,872,923,668** | **2,205,531,471** | **2,574,105,027** | **2,714,046,101** |
| **Ratios** | | | | | | | | | | |
| Earnings per share (in Rs.) | 11.84 | 8.96 | 13.22 | 12.24 | 10.94 | 37.08 | 37.67 | 38.48 | 39.22 | 39.74 |
| Dividend / Bonus per share (in Rs.) | 10.00 | 12.00 | 15.00 | 15.00 | 15.00 | 25.00 | 30.00 | 30.00 | 35.00 | 35.00 |
| | | | | | | | | | | |
| No of Equity Shares | 10,500,000 | 32,550,000 | 36,456,000 | 41,924,400 | 48,213,060 | 48,213,060 | 48,213,060 | 48,213,060 | 48,213,060 | 48,213,060 |
| **Net Worth per share** | **113.22** | **113.05** | **113.60** | **110.33** | **106.20** | **127.49** | **138.85** | **145.75** | **153.39** | **156.29** |

# सोलार आयोजनाहरुका लागि आवश्यक जग्गा सम्बन्धी बोलपत्र आह्वान


**अपि पावर कम्पनी लिमिटेड**
**API POWER COMPANY LIMITED**
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली ११, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०९३/५६
Email: info@apipower.com.np


## सिलबन्दी बोलपत्र आह्वान् सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडले प्रवर्द्धन गर्न लागेको सौर्य ऊर्जाको लागि नेपाल विद्युत प्राधिकरणका तपशिलका सवस्टेशनहरुमा जग्गा आवश्यक परेको हुनाले उल्लेखित सवस्टेशनबाट ३ देखि ४ किलोमिटर वरिपरिका जग्गा आवश्यक भई आएकोले इच्छुक व्यक्ति वा संस्थाले आवेदन दिन सक्नेछन्। आवेदन दिदा गोप्य (सिलबन्दी) का साथ दिन हुन अनुरोध छ। जग्गा बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले प्रति बिगाह को दर उल्लेख गर्नुहुन र लिजमा दिन चाहने व्यक्ति वा संस्थाले ३० बर्षको लागि लिजमा दिन आफूले चाहेको बार्षिक भाडा प्रति बिगाह का दरले रकम स्पष्ट रुपमा खुल्ने गरि उल्लेख गर्नुपर्ने छ।

**विभिन्न सवस्टेशन र आवश्यक जग्गा:**

| सवस्टेशनहरु: | आवश्यक जग्गा: |
|---|---|
| १. परवानीपुर | २६ बिगाह सम्म |
| २. सिमरा | ४ बिगाह सम्म |
| ३. ढल्केवर | ४ बिगाह सम्म |
| ४. चनौटा | ६ बिगाह सम्म |
| ५. वर्दघाट | ४ बिगाह सम्म |
| ६. कावासोती | ६ बिगाह सम्म |
| ७. दुहबी | ६ बिगाह सम्म |

**आवश्यक कागजातहरु:**

१. जग्गाको नक्साको फोटो कपी।
२. लालपुर्जाको फोटो कपी।
३. हालसालै प्रमाणित गरिएको चार किल्ला प्रमाणित गरेको फोटो कपी।
४. संस्थाको हकमा संस्था दर्ता, करचुक्ता एवं संस्था नविकरण गरेको प्रमाणका प्रतिलिपि र व्यक्तिको हकमा व्यक्तिको नागरिकताको फोटो कपी।
५. आफूले दिन चाहेको प्रति बिघा जग्गाको दररेट वा लिजमा दिन चाहनेले बार्षिक भाडा रकम प्रति बिघा स्पष्ट उल्लेख हुनुपर्ने।

**जग्गाको प्रकृति:**

१. माथि उल्लेखित सवस्टेशनबाट ३ देखि ४ किलोमिटर (Arial Distance) भित्र पर्नुपर्ने।
२. कम्तीमा १२ फिटको बाटोले छोएको हुनुपर्ने।
३. बत्ति एवं पानीको सुबिधा भएको हुनुपर्ने।
४. जग्गामा कुनै किसिमको बिवाद वा मुद्धा नभएको हुनुपर्ने।
६. बाँझो जग्गा (Barran Land) लाई प्राथमिकता दिईनेछ।

**बोलपत्र बुझाउने तरिका एवं अन्य जानकारी:**

इच्छुक बिक्रेता वा लिजमा दिन चाहने व्यक्ति वा संस्थाले माथि उल्लेखित कागजातहरु सिलबन्धी गरि कम्पनीको प्रधान कार्यलयमा मिति २०७३ साल बैशाख १५ गते ३ बजे भित्र बुझाउनु पर्नेछ। कम्पनीले उक्त बोलपत्रहरुबाट कम्पनीको मापदण्ड भित्र पर्ने बोलपत्र दाताहरुलाई बोलाई आवश्यक छलफल गरि निर्णय गर्नेछ। प्राप्त बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार कम्पनीसँग सुरक्षित हुनेछ। कम्पनीको संचालक समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ। कम्पनीले छनौट गरेको बोलपत्रहरु मर्फत सम्बन्धित आवेदकहरुलाई जानकारी गराईनेछ। कम्पनीले सोझै जग्गाधनिहरु सँग मात्र समन्वय गर्नेहुँदा कृपया दलालहरुले कष्ट नगर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ। थप जानकारीको लागि कम्पनीको प्रधान कार्यलयमा सम्पर्क गर्न हुन अनुरोध समेत गरिन्छ।

**बोलपत्र जम्मा गर्ने ठेगाना:**

**अपि पावर कम्पनी लिमिटेड**
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली ११, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०९३/५६
Email: info@apipower.com.np



अपर नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माणाधीन बाँधस्थल



अपर नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माणाधीन डिसेन्डर





अपर नौगड गाढ साना जलविद्युत आयोजनामा पेनस्टक पाइप जडान गरिंदै



अपर नौगड गाढ साना जलविद्युत आयोजनामा जडित क्रसर प्लान्ट



अपर नौगड गाढ साना जलविद्युत आयोजनामा पेनस्टक पाइप निर्माण गरिँदै



अपर नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माणाधीन विद्युतगृह



अपर चमेलिया जलविद्युत आयोजना (४० मे.वा.) मा सर्भे गरिंदै



अपर चमेलिया जलविद्युत आयोजना (४० मे.वा.) को प्रस्तावित बाँधस्थल



अपि हाइड्रो मेकानिकल लि. को हेटौंडा स्थित कारखाना



अपि हाइड्रो मेकानिकल लि. कारखानामा हाइड्रो मेकानिकल कार्य हुँदै



अपि हाइड्रो मेकानिकल लि. कारखानामा बनेका पेनस्टक पाइपहरू




त्रिशुली गल्छी जलविद्युत आयोजनाको प्रस्तावित इन्टेक स्थल




त्रिशुली गल्छी जलविद्युत आयोजनाको प्रस्तावित विद्युतगृह स्थल



काबेली बी-१ जलविद्युत आयोजनाको निर्माणाधीन इन्टेक



काबेली बी-१ जलविद्युत आयोजनाको निर्माणाधीन विद्युतगृह